बागमती प्रदेश
हेटौंडा, नेपाल

मा.शालिकराम जम्कट्टेल
मुख्यमन्त्री

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

# शुभकामना

संसारका श्रमजीवीहरुको उत्सवको दिन मे १ दिवसको अबसरमा स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण दिदिवहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मे दिवस श्रमिकले ८ घण्टाको कार्य दिनका लागि आजभन्दा १३७ वर्ष पहिले सन् १८८६ मे १ मा अमेरिकाको सिकागो लगायतका शहरहरुबाट बलिदानी सङ्घर्ष सुरु गरेको ऐतिहासिक दिन हो । यही बलिदानीपूर्ण सङ्घर्षको सम्मान गर्दै र सङ्घर्षलाई अझ उचाइमा पुर्‍याउन आह्वान गर्दै सन् १८८९ मा पेरिसमा सम्पन्न समाजवादीहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले मे १ लाई व्यापक प्रदर्शनसहित मे दिवसको रूपमा मनाउने निर्णय गर्‍यो । त्यसपछि सन् १९९० देखि प्रत्येक वर्ष मे दिवस विश्वव्यापी रूपमा मनाउन सुरु भयो । यिनै ऐतिहासिक तथ्यका आधारमा मे दिवस मजदुर वर्गको एकता, बलिदानी एवम् विजयको प्रतिकको दिन हो ।

श्रमिकहरुले आफ्नो अधिकारका लागि सङ्घर्ष मार्फत् विजय हासिल गरेको यस गौरवपूर्ण मजदुर/श्रमिक दिवसको शुभकामना व्यक्त गर्न पाउँदा मलाई खुसी लागेको छ। अन्तर्राष्ट्रिय श्रमिक दिवसको यस ऐतिहासिक दिनमा म नेपालसहित विश्वका सम्पूर्ण श्रमजीवी वर्गसंग जुझारु ऐक्यवद्दता प्रकट गर्दछु । नेपाली श्रमजीवी जनसमुदायमा सामाजिक न्यायसहितको समृद्दिको नयाँ युगमा पुर्याउने ऐतिहासिक जिम्मेवारी हाम्रा सामु छ । म यो जिम्मेवारी पूरा गर्न अनवरतरुपमा लागि रहने प्रण गर्दछु।

स्वदेशमै पर्याप्त रोजगारीको अवसर सृजना गर्ने वैदेशिक रोजगारीलाई सीपयुक्त र थप सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाई सम्मानपूर्ण रोजगारीको अबस्था श्रृजना गर्नुपर्ने मैले महशुस गरेको छु । यसका लागि बागमती प्रदेश सरकारको तर्फबाट देशको आबश्यकता र श्रम बजार अनुसार सीपयुक्त जनशक्ति उत्पादनमा प्रभावकारी योजनाकासाथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, विश्व मजदुर दिवसका अवसरमा नेपाल र विश्वभरका श्रमिकहरुमा सुख, शान्ति र समृद्धिको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

१८ बैशाख, २०८०

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री